# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

प.स.: २०७८/७९ मिति: २०७८/१०/०६
च.नं.:

विषय: **कोरोना संक्रमण रोकथाम सम्बन्धी सूचना**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयको मिति २०७८/१०/३ गते च. नं. २२९५ को पत्र अनुसार COVID-19 को तेश्रो लहर सुरु भइरहेको परीप्रेक्षमा सो वाट बच्न तपशिल वमोजिम गर्न गराउनु हुन यस पाख्रीवास नगरपालिका अन्तर्गतका सम्बन्धित सबै सरकारी कार्यालय/विद्यालय/स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्थाहरु, क्लव एवं सवै किसिमका व्यवसायीहरुलाई यो सूचना जारी गरिन्छ ।

तपशिलहरु:-

१. सबै प्रकारका आमसभा,जुलुस,भेला हुने क्रियाकलाप सम्बत् २०७८ माघ मसान्तसम्म संचालन नगर्ने ।

२. गोष्ठी, सेमिनार, समिक्षा, बैठक जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल मध्यम बाट गर्ने । भौतिक रुपमा उपस्थित भइ गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरि र antigen परीक्षण गरि रिपोर्ट negative आएका बढीमा २५ जना मात्र सहभागी रहने गरि संचालन गर्ने ।

३. विद्यालय, tution center, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप संचालन गर्दा सम्बत् २०७८ माघ १५ गते सम्म भौतिक रुपमा उपस्थिति गराई संचालन नगर्ने

४. मन्दिर, गुम्बा तथा चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरि २०७८ माघ मसान्त सम्म नित्य पुजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने

५. कुनै किसिमको खेलकुद कार्यक्रम गर्दा एक पटकमा कुल क्षमताको एक-तिहाई मात्र उपस्थित रहनेगरि जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरि संचालन गर्ने । खेलकुद कार्यक्रममा खोपको मात्रा पुरा गरेका व्यक्तिहरुलाई मात्र खोप-कार्डको आधारमा खेल मैदान भित्र प्रवेश गर्न दिने ।

प्रमुख प्रशासकीय अधिकृत

# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

६. धार्मिक वा संस्कृतिक जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतबन्ध, धार्मिक अनुस्ठान, मृत्यु संस्कार लगाएतका अत्यावश्यक परम्परागत धार्मिक तथा संस्कृतिक क्रियाकलापहरु संचालन गर्दा अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डको पालना हुने गरि मात्र संचालन गर्ने ।

७. सार्वजनिक यातायात संचालन गर्दा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, अनिवार्य मास्कको प्रयोग गर्ने, कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा senitizer र मास्कको प्रयोग अनिवार्य गर्ने, होटल तथा restaurant ले सेवा प्रदान गर्दा कामदारले अनिवार्य रुपमा मास्क,फेस सील्ड र पन्जा लगाउने र जनस्वास्थ्यको नियम पालना गरि संचालन गर्ने

८. नियमित रुपमा संचालन हुनु पर्ने स्वास्थ्यसेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरि संचालन गर्ने

९. आफुलाई कोरोना संक्रमण भएको शंका लागेमा antigen परीक्षण गर्नुहुन सबैमा सूचित गरिन्छ ।

डिक बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत